सिरानचोक गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

प्रतिवेदन

सहजीकरण

सहमत मिडिया प्रालि

सिरानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
२०८२ जेठ २९ गते

विषय सूची

(क) कार्यकारी सारांश
अध्याय १: परिचय
१.१ कार्यक्रमको पृष्ठभूमि
१.२ सार्वजनिक सुनुवाइको औचित्य र महत्व तथा उद्देश्य
अध्याय २: कार्यक्रमको विवरण
अध्याय ३: कार्यक्रम सञ्चालनको विधि
३.१ तयारी चरण
३.२ कार्यक्रम कार्यान्वयन चरण
३.३ तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण
अध्याय ४: कार्यक्रमको प्रस्तुति तथा छलफल
४.१ कार्यक्रमको उद्देश्यमाथि प्रकाश
४.२ गाउँपालिकाको प्रगति प्रतिवेदन प्रस्तुति
अध्याय ५: नागरिक स्तरबाट उठाइएका प्रमुख सवाल तथा जिज्ञासाहरू र जवाफ
अध्याय ६: विश्लेषण तथा निष्कर्ष
७.१ प्रमुख उपलब्धिहरू
७.२ प्रमुख चुनौतीहरू
७.४ निष्कर्ष
अध्याय ८: सुझावहरू
अनुसूचीहरू
अनुसूची १: सार्वजनिक सुनुवाईको सूचना
अनुसूची २: सार्वजनिक सुनुवाईको आचारसंहिता
अनुसूची ३: बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन
अनुसूची ४: सार्वजनिक सुनुवाइ कार्यक्रमको तालिका
अनुसूची ५: गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण
अनुसूची ६: सार्वजनिक सनुवाईको तस्विरहरु
अनुसूची ७: सार्वजनिक सनुवाई कार्यक्रमको उपस्थिति

कार्यकारी सारांश

सिराञ्चोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोरखाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गण्डकी प्रदेशको सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिकाले व्यवस्था गरे बमोजिम नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही शासन प्रणाली प्रवर्द्धन गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/०८२ को सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८२ जेठ २९ गते गाउँपालिकाको केन्द्रस्थित महिला समूहको भवनमा आयोजना गर्‍यो। सहमत मिडिया प्रा.लि. को सहजीकरणमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङले गर्नुभएको थियो।

कार्यक्रममा गाउँपालिकाले आर्थिक वर्षभित्र सम्पादन गरेका विकास निर्माण, सेवा प्रवाह, कृषि, पशु, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रका प्रगति विवरणहरू प्रमुख प्रशासकीय अधिकृत श्री ठाकुर प्रसाद अर्याल, उपाध्यक्ष रीता देवकोटा तथा विषयगत शाखा प्रमुखहरूले प्रस्तुत गर्नुभएको थियो। प्रस्तुति पश्चात् नागरिक स्तरबाट उठेका विभिन्न जिज्ञासाहरूमाथि प्रत्यक्ष छलफल गरिएको थियो।

कार्यक्रममा सहभागी नागरिकहरूले योजना कार्यान्वयनमा हुने ढिलासुस्ती, भुक्तानी प्रक्रियाको जटिलता, प्राकृतिक स्रोत (ढुंगा, गिटी, बालुवा) को अवैध उत्खनन, कृषि तथा पशु अनुदानको प्रभावकारिता, कर्मचारी अभावले सेवा प्रवाहमा परेको असर, बजार अनुगमनको कमी र युवाहरूको विदेश पलायन जस्ता महत्वपूर्ण सवालहरू उठाएका थिए। उठेका जिज्ञासाहरूको जवाफ सम्बन्धित पदाधिकारीहरूले दिनुभएको थियो भने गाउँपालिका अध्यक्षले देखिएका कमीकमजोरीहरूलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

समग्रमा, यो कार्यक्रमले स्थानीय सरकार र नागरिकबीच प्रत्यक्ष संवादको वातावरण सिर्जना गरी विश्वासको सम्बन्धलाई थप मजबुत बनाउन सफल भएको छ। कार्यक्रमबाट प्राप्त सुझावहरूलाई आत्मसात् गरी आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने प्रतिबद्धता सहित कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।

अध्याय १: परिचय

१.१ कार्यक्रमको पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई स्वायत्त शासनको अधिकार प्रदान गर्दै नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ ले स्थानीय तहले आफूले सम्पादन गरेका काम कारबाहीलाई परीक्षणका लागि चौमासिक रुप्मा सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान सुनिश्चित गरेको छ। यसबाहेक गण्डकी प्रदेश सरकारको सुशासन ऐन २०७६ र सोही अन्तर्गत बनेको सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका २०७७ ले पनि सार्वजनिक सुनुवाइलाई अनिवार्य गरेको छ। यही कानुनी व्यवस्था र लोकतान्त्रिक शासन प्रणालीको मर्मलाई आत्मसात् गर्दै सिराञ्चोक गाउँपालिकाले आफ्नो स्थापनाकालदेखि नै नियमित रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्दै आएको छ।

आर्थिक वर्ष २०८१/०८२ को अन्त्यतिर आइपुग्दा गाउँपालिकाले नीति तथा कार्यक्रम र बजेट मार्फत तय गरेका लक्ष्यहरू के-कति हासिल भए, विकास निर्माणका कार्यहरू कुन अवस्थामा छन्, सेवा प्रवाह कत्तिको प्रभावकारी रह्यो र नागरिकका अपेक्षाहरू कति सम्बोधन भए भन्ने विषयमा पारदर्शी रूपमा जानकारी गराउनु र नागरिकका गुनासा तथा सुझावहरू सङ्कलन गर्नु अनिवार्य थियो। यही आवश्यकतालाई महसुस गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम यो सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरिएको हो।

१.२ सार्वजनिक सुनुवाइको औचित्य र महत्व

सार्वजनिक सुनुवाइ लोकतान्त्रिक अभ्यासको एक महत्त्वपूर्ण औजार हो। यसले निम्न विषयहरूमा प्रत्यक्ष योगदान पुर्‍याउँछः

(क) पारदर्शिताः सरकारले गरेका काम, निर्णय र खर्चहरूलाई नागरिकसामु खुला रूपमा प्रस्तुत गरी पारदर्शिता प्रवर्द्धन गर्दछ।

(ख) जवाफदेहिताः जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्ना कामप्रति नागरिकसामु जवाफदेही बनाउँछ।

(ग) नागरिक सहभागिताः नीति निर्माण र विकास प्रक्रियामा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्दछ।

(घ) सुशासनः भ्रष्टाचार नियन्त्रण, स्रोतको उचित सदुपयोग र विधिको शासन कायम गर्न मद्दत गर्दछ।

(ङ) विश्वासको वातावरणः सरकार र नागरिकबीचको दूरी घटाई आपसी विश्वास र सहकार्यको वातावरण निर्माण गर्दछ।

सिराञ्चोक गाउँपालिकाले यी सबै पक्षलाई मध्यनजर गर्दै यस कार्यक्रमलाई केवल औपचारिकतामा सीमित नराखी नागरिकका वास्तविक आवाज सुन्ने र त्यसलाई सम्बोधन गर्ने महत्वपूर्ण मञ्चको रूपमा उपयोग गरेको छ।

१.३ कार्यक्रमको उद्देश्य

यस सार्वजनिक सुनुवाइ कार्यक्रमका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका थिएः

- सिराञ्चोक गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति विवरण सार्वजनिक गर्नु ।
- गाउँपालिकाबाट प्रवाह भइरहेका सेवाहरूको प्रभावकारिता, समस्या र चुनौतीबारे नागरिकबाट प्रत्यक्ष पृष्ठपोषण लिनु ।
- नागरिकका गुनासा, जिज्ञासा र सरोकारहरूलाई सम्बोधन गरी स्थानीय सरकार र नागरिकबीचको सम्बन्धलाई सुमधुर बनाउनु ।
- गाउँपालिकाको काम कारबाहीमा सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गरी आगामी नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि महत्त्वपूर्ण आधार तयार पार्नु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गण्डकी प्रदेश सरकारको सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका २०७७ ले निर्दिष्ट गरेको कानुनी दायित्व पूरा गरी सुशासन र पारदर्शिताको प्रत्याभूति दिलाउनु ।

अध्याय २: कार्यक्रमको विवरण

२.१ कार्यक्रमको नामः आर्थिक वर्ष २०८१/०८२ को सार्वजनिक सुनुवाइ कार्यक्रम

२.२ आयोजक तथा सहजकर्ताः

आयोजकः सिराञ्चोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोरखा ।

सहजकर्ताः सहमत मिडिया प्रा.लि. (सहजकर्ताः प्रकाश ढकाल)

२.३ मिति, समय र स्थानः

मितिः २०८२ जेठ २९ गते, विहीबार

समयः बिहान ११:०० बजे देखि दिउँसो ४:३० बजेसम्म

स्थानः लालीगुराँस आमा समूह भवन, चित्रेपोखरी ।

२.४ अध्यक्षता र अतिथिः

अध्यक्षताः श्री ज्ञानेन्द्र गुरुङ-अध्यक्ष, सिराञ्चोक गाउँपालिका

प्रमुख जवाफदेहीः १. रिता देवकोटा-उपाध्यक्ष

२. ठाकुरप्रसाद अर्याल-प्रमुख प्रशासकीय अधिकृत

२.५ सहभागीहरूको विवरणः

कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उत्साहजनक उपस्थिति रहेको थियो, जुन देहायबमोजिम छः

सिराञ्चोक गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू तथा कार्यपालिका सदस्यहरू

प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न विषयगत शाखाका कर्मचारीहरू

स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू

विभिन्न वडाबाट प्रतिनिधित्व गर्ने स्थानीय नागरिक तथा सेवाग्राहीहरू

शिक्षक, बुद्धिजीवी तथा नागरिक समाजका अगुवाहरू

स्थानीय सञ्चारकर्मीहरू

उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरू

विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू

(कुल सहभागी संख्याः करिब १०० जना)

अध्याय ३: कार्यक्रम सञ्चालनको विधि

कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन देहायको विधि अवलम्बन गरिएको थियोः

३.१ तयारी चरणः

सार्वजनिक सूचनाः कार्यक्रमबारे सबै नागरिकलाई जानकारी गराउन गाउँपालिकाको वेबसाइट, सूचना पाटी तथा स्थानीय सञ्चारमाध्यम मार्फत सार्वजनिक सूचना प्रकाशित गरिएको थियो ।

जिज्ञासा सक्तलनः कार्यक्रमअघि नै नागरिकका जिज्ञासाहरू सङ्कलन गर्न सहजकर्ता संस्थाले विभिन्न वडाहरूमा बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनको सर्वेक्षण फाराम भरेको थियो ।

निमन्त्रणाः सम्बन्धित सरोकारवालाहरूलाई कार्यक्रममा उपस्थितिका लागि औपचारिक रूपमा पत्राचार तथा निमन्त्रणा गरिएको थियो ।

प्रतिवेदन तयारीः गाउँपालिकाले आफ्नो वार्षिक प्रगति प्रतिवेदन तथा विषयगत प्रस्तुतिहरूलाई अन्तिम रूप दिएको थियो ।

३.२ कार्यक्रम कार्यान्वयन चरणः

कार्यक्रमलाई देहायका चरणहरूमा विभाजन गरी सञ्चालन गरिएको थियोः

स्वागतः सहभागीहरूलाई स्वागत सहित कार्यक्रमको उद्देश्यबारे जानकारी गराइएको थियो ।

उद्देश्यमाथि प्रकाशः गाउँपालिका उपाध्यक्ष रिता देवकोटा ज्यूले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सबैलाई स्वागत गर्नुभएको थियो ।

प्रगति प्रतिवेदन प्रस्तुतिः गाउँपालिकाकाबाट चालू आर्थिक वर्ष २०८१।०८२ मा सम्पादन भएका सेवा प्रवाह र विकास निर्माणबारे प्रमुख प्रशासकीय अधिकृत ठाकुरप्रसाद अर्यालले शाखागत रुपमा प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

प्रश्न–उत्तर तथा अन्तरक्रियाः सहभागीहरूबाट उठेका मौखिक तथा लिखित प्रश्नहरूलाई सहजकर्ताले व्यवस्थित रूपमा प्रस्तुत गरी सम्बन्धित पदाधिकारीबाट जवाफ दिने व्यवस्था मिलाइएको थियो ।

प्रतिबद्धता तथा समापनः गाउँपालिका अध्यक्षले उठेका सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

३.३ तथ्यांक संकलन तथा अभिलेखीकरणः

- कार्यक्रमको सम्पूर्ण अडियो तथा केही वक्तव्यहरुको भिडियो रेकर्डिङ गरिएको थियो ।
- सहभागीहरूबाट लिखित रूपमा पनि प्रश्न तथा सुझावहरू माग गरिएको थियो ।
- सहभागीहरूको हस्ताक्षर सहितको नामावली तयार पारिएको थियो ।
- कार्यक्रमका महत्वपूर्ण क्षणहरूलाई तस्बिरमा कैद गरिएको थियो ।

अध्याय ४: कार्यक्रमको प्रस्तुति तथा छलफल

४.१ कार्यक्रमको उद्घाटन र उद्देश्यमाथि प्रकाश

कार्यक्रमको सुरुवातमा उपाध्यक्ष श्री रिता देवकोटाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य, महत्वबारे जानकारी गराउनुभएको थियो । उहाँले यो मञ्च सरकार र नागरिकबीचको पुल भएको बताउँदै रचनात्मक र मर्यादित भएर आफ्ना जिज्ञासा राख्न सहभागीहरूलाई अनुरोध गर्नुभयो । तत्पश्चात्, कार्यक्रमका अध्यक्ष तथा गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङले कार्यक्रमको औपचारिक उद्घाटन भएको जानकारी गराउनुभयो ।

४.२ गाउँपालिकाको प्रगति प्रतिवेदन प्रस्तुति

४.२.१ प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रशासनिक तथा वित्तीय प्रगति प्रस्तुति

प्रमुख प्रशासकीय अधिकृत श्री ठाकुर प्रसाद अर्यालले गाउँपालिकाको समग्र प्रशासनिक र वित्तीय अवस्थाबारे प्रस्तुति दिनुभएको थियो। उहाँले आफ्नो प्रस्तुतिमा निम्न विषयहरूलाई जोड दिनुभएको थियोः

वित्तीय प्रगतिः चालु आर्थिक वर्षको पुँजीगत तथा चालु खर्चको अवस्था, राजस्व सङ्कलन र बजेट कार्यान्वयनको स्थितिबारे जानकारी गराउनुभयो ।

बेरुजुः विगतका वर्षहरूको तुलनामा बेरुजु फछ्र्यौटमा प्रगति भएको र यस वर्ष पनि बेरुजु न्यूनीकरणका लागि हरसम्भव प्रयास गरिएको बताउनुभयो ।

सेवा प्रवाहः कर्मचारी अभाव, विशेषगरी प्रमुख प्रशासकीय अधिकृतको छिटो-छिटो सरुवाले सेवा प्रवाहमा केही चुनौती थपिए पनि उपलब्ध जनशक्तिबाटै सेवालाई चुस्त बनाउन लागिपरेको धारणा राख्नुभयो ।

जग्गा वर्गीकरणः स्थानीय बासिन्दाको प्रमुख चासोको विषय रहेको जग्गा वर्गीकरणको काम अन्तिम चरणमा पुगेको र छिट्टै कित्ताकाट खुल्ने जानकारी दिनुभयो ।

४.२.२ विषयगत शाखा प्रमुखहरूद्वारा प्रगति प्रस्तुति (कृषि)

कृषि सेवा शाखाका प्रमुख नवराज अधिकारी ज्यूले गोठ सुधार कार्यक्रम, बाख्रा वितरण, अनुदान वितरण, कृषक वर्गीकरणको आवश्यकता र कृषि एम्बुलेन्स सञ्चालनको तयारीबारे जानकारी गराउनुभयो । गोठ सुधार र गाई खरिदका लागि ५०% अनुदानमा रु. २५,००० उपलब्ध गराइएको जानकारी दिनुभया ।

४.२.३ उपाध्यक्षज्यूद्वारा जवाफ र प्रतिबद्धता

गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक रीता देवकोटाले आफ्नो प्रस्तुतिमा निम्न कुराहरूमा जोड दिनुभयोः

न्यायिक समितिः न्यायिक समितिले वर्षभरिमा गरेका काम र न्यायिक समितिमा आउनुपर्ने विषयबारे आफ्ना धारणा राख्नुभयो ।

अनुगमनः विकास योजनाहरूको अनुगमनका लागि वडास्तरमा समेत वडा अध्यक्षको संयोजकत्वमा अनुगमन समिति क्रियाशील रहेको र गाउँपालिकाले पनि नियमित अनुगमन गरिरहेको जानकारी दिनुभयो ।

बजार अनुगमनः विगतमा बजार अनुगमन गरिएको तर निरन्तरता दिन नसकिएको स्वीकार गर्दै आगामी दिनमा यसलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समन्वयः उहाँले गाउँपालिकाभित्रका सबै निकाय र नागरिकसँगको समन्वयले मात्रै सुशासन कायम हुने भन्दै व्यक्तिगत आरोप-प्रत्यारोपभन्दा संस्थागत प्रणालीमा विश्वास गर्न आग्रह गर्नुभयो ।

४.३ अध्यक्षज्यूद्वारा समग्र नीति तथा कार्यक्रमबारे मन्तव्य

कार्यक्रमको अन्त्यमा अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङले गाउँपालिकाको समग्र दृष्टिकोण प्रस्तुत गर्नुभयो । गुरुङद्धारा प्रस्तुत मन्तब्यको सारांशः

हामी जनताको सबैभन्दा नजिकको सरकार हौं । तपाईहरूका हरेक गुनासा सुन्न र सम्बोधन गर्न हामी तयार छौं । स्रोत र साधनको सीमितताका बीच पनि हामीले भौतिक पूर्वाधारदेखि सामाजिक विकाससम्म फड्को मारेका छौं । युवाहरूको विदेश पलायन र कुलतको समस्याप्रति पालिका चिन्तित छ । उनीहरूलाई स्थानीय स्तरमै रोजगारी र उद्यमशीलतामा जोड्न गाउँपालिकाले विशेष कार्यक्रम ल्याउने गरी तयारी गरेको छ । हामीले प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र राजस्व वृद्धिका लागि ठोस योजना बनाएका छौं । समग्र पालिकाको विकासका लागि नागरिकहरुको पनि भूमिका र सहयोग आवश्यक छ ।

अध्याय ५: नागरिक स्तरबाट उठाइएका प्रमुख सवाल तथा जिज्ञासा र जवाफ

	नामथर	प्रश्न वा जिज्ञासा	जवाफ तथा स्पष्टता
१.	विष्णु पोखरेल	➢ पालिकामा बोका र राँगाको नश्ल सुधारको लागि सामुदायिक प्रजनन केन्द्रको सेवा भएन, जसले गर्दा पशुपालनमा समस्या भयो । गाउँपालिकाको यसबारे के योजना छ ? किसानलाई समस्या परेको छ । ➢ विद्यालय मर्ज गर्नुपर्‍यो । साना बालबालिकालाई गाउँमै इसिडी मार्फत शिक्षा दिनुपर्‍यो । साथै, अभिभावक शिक्षा कार्यक्रम के भइरहेको छ ? ➢ कृषिमा मलविउ पाइएन । कसैले २ बोरा लैजान्छन्, कसैले २ किलो खोज्दा पनि पाइएन । वितरण पारदर्शी र मागमा आधारित होस् । ➢ चोकचोकमा खाद्य र औषधी अनुगमन भएको छैन । म्याद गुज्रिएका सामग्री विक्री भैरहेको छ । कसले अनुगमन गर्ने हो ?	➢ एकदमै राम्रो र आवश्यक सुझाव हो । विगतमा नेपाल सरकारले यस्ता सामुदायिक प्रजनन केन्द्र स्थापना गरेको थियो । आगामी आर्थिक वर्षमा यस्तो सेवा स्थापना गर्न गाउँपालिका सकारात्मक छ । ➢ 'एक वडा, एक विद्यालय' को नीति कार्यान्वयन गर्दा केही व्यावहारिक कठिनाइ आउन सक्छन् । तर मर्ज गर्ने कुरामा पालिका तयार छ । संघीय शिक्षा ऐन नआउँदा थप समस्या भएको छ, तर हामी यसको व्यवस्थापनमा लागिरहेका छौं । ➢ सम्बन्धित सहकारीसँग पालिकाले समन्वय गर्छ । वितरणमा केही समस्या भयो भन्ने सुनेका छौं । तत्काल सम्बोधन गर्न र मागमा आधारित भएर वितरण गर्न निर्देशन दिन्छौं । ➢ अनुगमन अहिले नभएको सत्य हो । हामी छिटै अनुगमन गर्ने योजनामा छौं । यसअघि पनि अनुगमन गर्न हाकिमसँग सल्ला भएको थियो, तर काम भएन ।
२.	**रुद्रप्रसाद पोखरेल**	➢ गोठ सुधार र खोर सुधार कार्यक्रममा कहाँ, कति पैसा लगानी गरियो ? बाख्रा तथा भैंसीपालनका लागि अनुदानको व्यवस्था के छ ?	➢ वडा नं. ३ र ८ मा बाख्रा पालन र वडा नं. ६ मा गाई/भैंसीको स्रोत केन्द्र स्थापना गर्ने निर्णय छ । बाख्राबाट ६४, गोठ सुधारमा ४५ र गाई/भैंसी बाट १९ जना लाभान्वित

		➢ वडा नं. ५ को वडाध्यक्ष लामो समयदेखि अनुपस्थित हुनुहुन्छ, कार्यपालिकामा हाम्रो प्रतिनिधित्व भएन । यसको कानुनी समाधान के हो ? हामीले हाम्रा माग कहाँ राख्न जाने ? कसले राखिदिने ?	भएका छन् । सबै कार्यक्रमका लागि ५० प्रतिशत लागत साझेदारीमा २५ हजार नगद दिइएको हो । ➢ वडाध्यक्षले राजीनामा नदिँदासम्म उहाँलाई हटाउने अधिकार छैन । त्यहाँ कार्यबाहक तोकिएको छ, वडाको काम रोकिएको छैन ।
३.	**दिलिप श्रेष्ठ**	➢ सिमानामा ढुंगा, गिटी, बालुवाको अवैध उत्खनन भइरहेको छ। चोरी-निकासी बढाएको छ, पालिकालाई पैसा छैन। चोरी रोक्न गर्न के-कस्ता योजना छन् ? ➢ बेरुजु किन निस्कन्छ ? यसलाई शून्यमा झार्न सकिँदैन ? के यो भ्रष्टाचार होइन ? शून्य बेरुजु बनाउन पालिकाले किन ध्यान दिएन ? अन्यत्र तिर बेरुजु छैन भनेर हाइहाइ गरेको सुनिन्छ। हाम्रोमा बर्सेनि बढ्दै गएको छ। रोक्नुपर्‍यो । ➢ त्यति धेरै योजना रहेछन्। आधाजसो योजना अझै सम्झौता भएको छैन भन्ने रिपोर्ट आयो । अनि सम्झौता नभएका योजना कहिले कार्यान्वयन हुन्छन् ? त्यसको पैसा कहाँ जान्छ ?	➢ ढुंगा, गिटी, बालुवाको उत्खननलाई व्यवस्थित गर्न वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेको छ। आगामी वर्षको दशैंअगाडि नै ठेक्का प्रक्रिया सुरु गरी राजस्व सङ्कलन गर्नेछौं । ➢ बेरुजु सधैं भ्रष्टाचार हुँदैन। यो प्रायः प्रक्रिया नपुर्‍याउँदा वा आवश्यक कागजातको अभावमा देखिन्छ । सरकारी काममा हरेक खर्चको औचित्य पुष्टि गर्नुपर्ने र अभिलेख राख्नुपर्ने हुँदा सानोतिनो प्रक्रियागत त्रुटिले पनि बेरुजु देखिन्छ। हामी यसलाई घटाउने प्रयासमा छौं । ➢ सम्झौता नभएको योजना चाहिँ रकमान्तर गरिन्छ । सम्झौता भएकै योजनामा अलिअलि समावेश पनि भएको छ । सकेसम्म काम गर्नुस् भनेर ताकेता गर्छौं, काम गर्नुभएन भने रकमान्तर हुन्छ।
४.	**मनोज ढकाल**	➢ पशु स्वास्थ्यको कार्यक्रम फितलो भयो । कर्मचारिहरु घर-घरमा पुगेर सेवा दिने खालको हुनुपर्‍यो । बाख्रा विरामी भएको बेला बोलाउँदा पनि प्राविधिक आएनन् । ➢ पालिकाबाट युवा पलायन बढ्यो । अडिने कहाँ ? के कार्यक्रम छ हाम्रा लागि ? हामी के गरेर गाउँमा बस्ने ? बर्सेनि बजेट आउँछ तर युवाका लागि के आयो ?	➢ आउँदो वर्ष पालिकामा आधारभूत ल्याब र डिस्पेन्सरी स्थापना गरिनेछ । हरेक वडामा सेवा केन्› स्थापना गर्ने र घुम्ती सेवामार्फत घरदैलोमासेवा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्दछौं । ➢ युवा लक्षित कार्यक्रम भैरहेका छन्। सकेसम्म उद्यमशीलताको विकास हुने कार्यक्रममा हामीले लगानी गरेका छौं । तालिम दिएका छौं । तपाईंहरु पनि तालिम लिनुस्, लागत सहभागितामा उद्यम गर्नुस् ।
५.	**इन्द्र बहादुर गुरुङ**	➢ व्यावसायिक कृषि फार्म दर्ता सबैलाई अनिवार्य गर्दा झन्झट भयो, यसको प्रक्रिया के हो ? त्यसबाट के फाइदा छ किसानलाई ?	➢ व्यावसायिक रूपमा काम गर्ने र अनुदान लिन चाहने किसानहरूलाई मात्र दर्ता गर्न भनिएको हो । किसानको वर्गीकरण गरेर प्रक्रियालाई थप सहज बनाइनेछ।

६.	**सुरज गुरुङ**	➢ युवाहरु बेरोजगार भई तास खेल्ने, मदिरा खाने जस्ता कुलतमा फसेका छन् । उनीहरूलाई गाउँपालिकाले कसरी समेट्छ ? रोजगारीको अवस्था के छ ? युवामैत्री कार्यक्रम किन बन्न सकेको छैन ? ➢ पालिकाले सूचना प्रवाहमा ध्यान दिएन, फेसबुक पेजमा पनि कमै मान्छे छन् । सूचना प्रवाह व्यापक बनाइयोस् । ➢ जनप्रतिनिधिहरु निर्वाचित भएर गएदेखि देख्न पाइएन । जनताका यावत समस्या छन्, घरदैलो गरेर समस्या सुन्ने र समाधानको लागि पैरवी गर्नुपर्‍यो ।	➢ यो एउटा गम्भीर सामाजिक समस्या हो । पालिकाले युवाहरूलाई उद्यमशील बनाउन विभिन्न सिपमूलक तालिम र स्वरोजगार कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत निश्चित संख्यामा रोजगारी दिइएको छ । ➢ फेसबुक पेज नयाँ भएकोले फलोअर्स कम भएको हो, यसलाई थप प्रभावकारी बनाउँछौँ । वेबसाइट र अन्य माध्यमबाट पनि सूचना दिने प्रयास गरिरहेका छौँ । ➢ सुझाव मनासिव छ । जाँदै नगएको होइन, तर नागरिकको अपेक्षाकृत हामी जान सकेका छैनौं । नीतिगत धेरै काम गर्नुपर्ने हुँदा निरन्तर भेटघाट भएको छैन । तर संवाद चाहिँ भएको छ । अब निरन्तर जान्छौं ।
७.	**आशिष गुरुङ**	➢ प्रमुख प्रशासकीय अधिकृत एक वर्ष पनि नटिक्ने समस्याले विकासमा असर पर्‍यो, किन यस्तो हुन्छ ? कसका कारण यति छिटो सरुवा हुन्छ ➢ सेवा लिन जाँदा कर्मचारी भेटिँदैनन् । विकास निर्माणको काम ढिलो भयो । योजना सम्झौतामा पनि विलम्ब गरिएको छ ।	➢ कर्मचारी सरुवाको नियमित प्रक्रिया हो । सरुवा गर्ने अधिकार संघीय मामिला मन्त्रालयसँग हुन्छ, यसमा स्थानीय तहको नियन्त्रण हुँदैन । ➢ कतिपय योजनामा प्रक्रियागत र कानुनी कुराहरू मिलाउनुपर्ने हुँदा समय लाग्ने गर्छ । उपभोक्ता समितिले कागजपत्र नपुर्‍याउँदा पनि सम्झौतामा ढिलाइ हुन्छ ।
८.	**मनोज श्रेष्ठ**	➢ सबैतिरका खबर रेडियो, टिभीमा थाहा हुन्छ । हाम्रो पालिकाले के गरिरहेको छ भन्ने केही थाहा हुँदैन । कारण के हो ? सूचना पाइएन ।	➢ नागरिकले पनि चासो दिनुपर्‍यो । हामीले गरेका काम र गर्न लागेका कामबारे सामाजिक सञ्जाल र जनप्रतिनिधि तथा कर्मचारीबाट प्रचार गरिरहेका छौं ।
९.	**आस बहादुर गुरुङ**	➢ क्यान्सर पीडितलाई मासिक भत्ता दिएको राम्रो हो । तर गत वर्ष २ महिनाको रोकियो, अहिलेसम्म किन आएन ?	➢ प्राविधिक कारणले रोकिएको हो । यो वर्ष के गर्न सकिन्छ भनेर हामीले हेरिरहेका छौं । सकियो भने यही वर्ष रोकिएको रकम भुक्तानी दिने भनेका छौं ।

अध्याय ६: जिज्ञासाहरूको सम्बोधन तथा प्रतिबद्धता

नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतबाट उठाइएका प्रश्न र त्यसउपर सेवाप्रदायकले दिएको जवाफ
प्रश्नः योजनाको भुक्तानी साह्रै ढिलो भयो । काम सकिएको ६ महिनासम्म भुक्तानी पाइँदैन । कारण के हो ?
उत्तरः कतिपय योजनामा प्रक्रियागत र कानुनी कुराहरू मिलाउनुपर्ने हुँदा समय लाग्ने गर्छ । उपभोक्ता समितिले समयमै काम नसक्दा वा कागजपत्र नपुर्‍याउँदा पनि भुक्तानीमा ढिलाइ हुन्छ ।

प्रश्नः सामान्य कामका लागि पनि लामो समय कुराउने र अन्तिममा भ्याइएन भनेर फर्काउँछन्। टाढाबाट आएका सेवाग्राहीलाई पहिलो प्राथमिकतामा सेवा दिनुपर्‍यो।

उत्तरः कतिपय काम नयाँ र नीतिगत भएकाले प्रक्रिया पूरा गर्न समय लाग्छ। सबै कानुनी पक्ष मिलाएर काम गर्दा केही ढिलाइ हुनु स्वाभाविक हो। छिटो गर्ने प्रयास गर्छौं।

प्रश्नः पालिकाको केन्द्र टुंगिने कहिले हो ? बाख्राको खोरजस्तो कार्यालय भवन छ, कर्मचारी नै कोचिएर बसेका छन्। सेवाग्राहीले सेवा लिँदा असहज भयो।

उत्तरः अदालतमा मुद्दा विचाराधीन छ। हामी पनि जतिसक्दो छिटो निक्र्यौल होस् भन्ने चाहन्छौं। तर हामीले चाहेर मात्रै भएन। सर्वोच्च अदालतबाट फैसला हुने वित्तिकै निर्माण प्रक्रिया अघि बढ्छ। काममा बाधा पुगेको र साँघुरो भएको महशुस हामीले पनि गरेका छौं।

प्रश्नः टोलटोलमा भएका विजुलीका पोलहरुमा आवश्यक्ता हेरेर बत्ति राखिदिनुपर्‍यो। रातसाँझ हिड्न सहज हुन्थ्यो कि

उत्तरः सुझाव राम्रो छ। यसअघि पनि यस्तो काम गर्दै आएको हो। आवश्यक्ताका आधारमा यसलाई विस्तार गर्दै लगिने छ। सडक बत्ति आवश्यक भएका ठाउँमा आगामी वर्ष राख्छौं।

प्रश्नः पालिकाबाट हुने काम बढी झण्झटीलो भयो। एउटा काम जिम्मा लिएर फरफारक गर्नेबेलासम्म सजाएँ दिएको जस्तो गरी दुख हुन्छ।

उत्तरः कतिपय कुराहरु त्यतिखेरै निर्णय गर्न पर्ने कुराहरु हामी अभ्यस्त नभएका कुराहरु जान्नुपर्ने, बुझ्नु पर्ने कुराहरु हुन्छन्। एउटै काममा दशौ किसिमका कानुनहरु आकर्षित भइरहेको हुन्छ। अब हामी कानुनको बारेमा अभज्ञ छौं, मैले जानिनँ, बुझिनँ, गल्ती भएछ भन्न पाउने ठाउँमा छैनौं। एकचोटी कलम चलिसकेपछि एकचोटी काम भइसकेपछि भयो। त्यो ग्यारेन्टी गर्नको लागि पनि हामीले चाहिँ केहि समय लिन पर्ने हुन्छ कुनै कुनै कामलाई। तर जनताको अपेक्षा छिटो भैदिए हुन्थ्यो भन्ने हुन्छ। त्यही ग्यापले गर्दा चाहिँ यो कहिलेकाहिँ सेवा पाउन बढी समय लाग्यो भन्ने कुरा आएको हो। त्यसलाई मैले एक्सेप्ट गरें।

प्रश्नः वडाबाट त सेवा प्रवाह राम्रै भएका छन्। पालिकाबाट सुधार गर्नुपर्ने धेरै कुरा छन्। नागरिक वडापत्र अनुसारको सेवा तुरुन्त दिनुपर्‍यो। सेवा नदिने भए बडापत्रको के काम भयो ?

उत्तरः केही समस्या भएका छन्। आगामी दिनमा अझै पनि हामीबाट कथम कदाचित त्यही गरि सेवा प्रवाह गर्न ढिलो भइरहेको रहेछ भने त्यसलाई सुधार गर्दै जानेछौं। त्यसलाई परिमार्जन गर्दै जाने हो। त्यसमा हामी प्रतिबद्ध छौं।

प्रश्नः पालिकाबाट वितरण हुने अनुदानबारे किसानले थाहै पाउँदैनन्। कृषि र पशुको कार्यक्रम आउँदा खुला रुपमा सूचना गर्नुपर्‍यो, सबै किसानलाई जानकारी दिइयोस्।

उत्तरः सूचनाको पहुँचको विषयमा चाहिँ पालिकाबाट कमी गरेजस्तो लाग्दैन। हाम्रो फेसबुक पेज अलि नयाँ भएको कारणले गर्दा फलोअर्स कम भएको हो। मलाई विश्वास छ यो बढ्दै जान्छ र सूचनाको पहुँच पनि बढ्दै जान्छ। अल्टिमेट्ली यस्तो अवस्था आयो कि अब फेसबुक अलिकति इन्फर्मल माध्यम हो पनि भन्छौं, तर सबैभन्दा इफेक्टिभ मिडियम नै त्यही भइसकेको छ। हामी त्यसलाई प्रमोट गर्दै छौं।

प्रश्नः कर्मचारी नहुँदा समयमा सामाजिक सुरक्षा भत्ता पाइएन।–वडा नम्बर १

उत्तरः कहिलेकाहिँ चाहिँ कर्मचारीहरु सरुवा हुने अथवा बिदा बस्ने प्रक्रियामा केहि दिनको ग्याप हुन सक्छ। ठ्याक्क उहाँको चाहिँ त्यही दिन परेर अनि उहाँको चाहिँ त्यो अलिकति उदासिनता अभिव्यक्ति भएको पनि हुन सक्छ। त्यस्तो लामो समयसम्म कर्मचारीहरु चाहिँ अनुपस्थित भएर सामाजिक सुरक्षा वितरणमै प्रभाव परेको त्यस्तो चाहिँ छैन।

प्रश्नः जग्गाको अंशबण्डा गर्न जाँदा मालपोतले पालिकामै फर्कायो। बेच्छु भन्दा पनि पाइएन। जग्गा वर्गीकरणपछि आउनुस् भन्छन्। कहिले सकिन्छ ?

उत्तरः यसले स्थानीय बासीहरुलाई धेरै समस्या भएको हामीले अनुभव पनि गरेका छौं। हामी अन्तिम चरणमा छौं। सायद अब केहि दिनमै, केहि हप्तामै जग्गा वर्गीकरण कार्य सम्पन्न भएर कित्ता काट खुल्छ।

प्रश्नः प्रधानमन्त्री रोजगार कार्यक्रम भनेर बेरोजगारको फाराम भरियो, तर रोजगारी पाइएन। रोजगारी नै नदिने भए निवेदन किन मागेको ?
उत्तरः अब यस्तो हुन्छ हाम्रो हामीले कति जनालाई रोजगारी दिन सक्छौं ? हाम्रो क्षमता एउटा हुन्छ। पक्कै पनि त्यो भन्दा बढी व्यक्तिहरु बेरोजगार हुनुहुन्छ। सबै बेरोजगारलाई रोजगारी पाइन्छ भन्ने आश हुन्छ। तर यो कार्यक्रममा सबैलाई रोजगार दिन सम्भव हुँदैन। यो बाहेक पनि अरु विभिन्न कार्यक्रमबाट हामीले रोजगारी प्रवर्द्धन गर्ने काम गरिराखेका छौं। तर ठ्याक्कै यसबाट प्रत्यक्ष रोजगारी दिने काममा चाहिँ निश्चित कोटा हुने भएको कारणले गर्दा कोही न कोही त छुट्नै पर्यो। १०० जनाबाट ५० जना सेलेक्सन गर्न पर्यो भने त ५० जना त छुट्नुहुन्छ नि। उहाँहरुलाई फेरी अरु माध्यमहरुबाट रोजगारीको प्रवर्धनको काम हामी गर्न पर्छ। गरिराख्या पनि छौं।
प्रश्नः गाउँपालिकामा एकीकृत सेवा केन्द्र बनाउनुपर्‍यो। कम्तिमा एउटा काम एकैदिनमा सक्ने वातावरण तयार गरियोस्।
उत्तरः उत्तरः मैले फेरी पनि हजुरहरुलाई निवेदन गरें कि निजी क्षेत्रबाट सेवा प्रवाह गर्दा र सरकारी कार्यालयबाट सेवा प्रवाह गर्दा सरकारी कार्यालयमा किन धेरै कागजात चाहिन्छ। किन प्रक्रियागत झन्झट हुन्छ भन्ने कुरा सबैको छ। यसमा म तपाईहरुलाई के भन्न चाहन्छु भने त्यो कम्पेरिजनबाट आउँछ यो। त्यही भएर मैले निजी क्षेत्र त लगेर दाँजेको। निजी क्षेत्रले सेवा प्रवाह गर्दा जसले सेवा प्रवाह गर्यो उहाँ आफु मात्रै उत्तरदायी हुन्छ। उसले कुरा बुझे भयो। तर हामीले सेवा प्रवाह गर्दा के हुन्छ भने, १० हजार रुपैयाँ कसैलाई भुक्तानी दिँदा पनि अब ३० वर्ष पछि कसैले त्यो फाइल पल्टाएर यो भुक्तानी किन गरियो भनेर सोधखोज गर्‍यो, हेर्‍यो भने पनि प्रष्ट हुने गरी राख्नुपर्छ। त्यो कारणले गर्दा बढी झण्झट भएको जस्तो लागेको हो।
प्रश्नः कर्मचारीहरुले कुनैपनि सेवाका लागि चाहिने कागजातबारे स्पष्ट जानकारी दिँदैनन्। काम लिएर गयो, कागज पुगेन भनेर पटक पटक फर्किनुपरेको छ। दिने सेवा र चाहिने कागजपत्रबारे वेभसाइट र फेसबुक पेजमा राखिदिनुपर्‍यो
उत्तरः यो विषयमा हामी अलिकति पछि परेकै छौं। सर्वसाधारण जनताहरुलाई वडा कार्यालयमा आउँदा, गाउँपालिका कार्यालयमा आउँदा सबैभन्दा सुरुमै तपाईको काम के छ, कसो छ, समस्या के छ, के काम लिन आउनुभयो, त्यसलाई के के कागजात चाहिन्छ भनेर सुरुमै भन्न पाए सहज हुन्छ। एकीकत सेवा केन् जस्तो बनाएर सबै जानकारी त्यही दिन पाइयो भने एकदम राम्रो हुन्छ। हाम्रो त्यो इच्छा पनि छ। हाम्रो अलिकति भौतिक रुपमा व्यवस्थित भइसकेपछि त्यो अझै व्यवस्थित तरिकाले गर्छौं। तर अहिले नहुँदा पनि हामी त्यो गर्नलाई चाहिँ अब गुनासो आयो, कोशिस गर्छौं।
प्रश्नः एउटा अदालतको कर्मचारी आउँदा पालिकाले भब्य कार्यक्रम गरेर झिलिमिली फोटो हाल्छन्। हामी आफ्नो वडाध्यक्ष हराए भनेर ज्ञापनपत्र लिएर बुझाउन जाँदा समय छैन भनेर लखेटियो।–वडा नम्बर ५
उत्तरः त्यो दिनमा अध्यक्ष ज्यु गोरखा जानुभएको थियो। मलाई थाहा पनि थिएन। उहाँहरुले ज्ञापन पत्र लिएर आउनुभयो। २२-२५ जना आउनुभएको थियो। त्यहि दिन जिल्ला न्यायधिश आउने भन्ने कुरा पनि थियो। अनि उहाँहरुले ज्ञापन पत्र लिइदिनु न भन्नुभएको थियो। अध्यक्ष आएपछि संयुक्त रुपमा संयुक्त रुपमा प्रमुख प्रमुख प्रशासकीय अधिकृत म र अध्यक्ष ज्यु भएर हामी संयुक्त रुपमा तपाईहरुको ज्ञापन पत्र बुझौंला भनें। मैले त्यति कुरा मात्रै राखेको हो। लखेटेको भनेर बोल्नुभएन, यो गलत हो।
प्रश्नः वडा कार्यालयसम्म पुग्ने बाटो राम्रो बनाउनुपर्‍यो। सुरु भएका काम समयमा सक्नुपर्‍यो, जताजतै अलपत्र मात्रै छन्।–वडा नम्बर ७, बाइकमै कार्यालय पुग्न पनि सकिएन, कहिले बन्छ बाटो ?–वडा नम्बर १, वडा नम्बर ७ र ८ क्षेत्रमा बाह्रै महिना एम्बुलेन्स चल्ने बाटो बनाइदिनुपर्‍यो।
उत्तरः वडा नम्बर ७ का त्यहाँका स्थानीयहरुको माग वडा कार्यालय सम्म बाहै महिना मोटर चल्ने बाटो हुनुपर्छ भनिरहनु भएको छ। हामीले त हाम्रा स्रोतहरुलाई प्रयोग गरेका छौं। त्यति मात्र नभएर प्रदेश सरकार र संघीय सरकारका विषयगत मन्त्रालयहरुलाई पनि हामीले अनुरोध गरेका छौं, आग्रह गरेका छौं। र यो पटक पनि वडा नम्बर ७ मा सहरी विकास मन्त्रालयबाट केराघारी देखि शान्तिपाटी हुँदै माथि निस्किने बाटोमा ३ करोड रुपैयाँ

परेको छ। वडा नम्बर १ मा पनि त्यही अनुसारले समपुरक योजना गएको छ। वडा नम्बर ६ मा पनि त्यही हो। त्यो भएर विकासको अवस्था हामीले सुधारिरहेका छौं।

प्रश्नः सिरान्चोक गाउँपालिकाले विज्ञ सभा गरेको सुन्दा खुसी लाग्यो। तर त्यो सभा के उद्देश्यका लागि गरिएको हो ? विज्ञहरुको छनोट गर्ने मापदण्ड के थियो ? विज्ञले के सुझाव दिए ? त्यसको सार्वजनिक कहिले हुन्छ र विज्ञले दिएको सुझाव कार्यान्वयन कसरी हुन्छ ?

उत्तरः विज्ञ सभा सिराचोक गाउँपालिका भित्र रहेका विभिन्न विषय क्षेत्रका विज्ञहरुसँगको एउटा कार्यक्रम हो। यो कार्यक्रम योजना कार्यक्रमको प्रभावकारिता मूल्यांकन भनेका थियौं। भलै हामी त्यो एसेसमेन्ट गर्न सकेनौ। तर पनि कम्तिमा अब आगामी वर्ष हामीले योजना कार्यक्रमहरु बनाउँदै गर्दा कस्ता योजना र कार्यक्रमहरु उपयुक्त हुन्छ, प्रभावकारी हुन्छ भन्ने एउटा उद्देश्य थियो। त्यही उद्देश्य अनुरुप सिराचोक गाउँपालिकाको १ देखि आठ वटा वडा भित्रका विभिन्न क्षेत्रका विषय विज्ञहरुसँगको एउटा छलफल थियो। छलफल पनि तीन दिनको गर्यौं । हामीले हाम्रो अहिले सम्ममा गरेका विभिन्न कार्यक्रम योजनाहरुको प्रतिवेदन पेश गर्यौं। प्रतिवेदन उपर विज्ञहरुले टिप्पणी राख्नु भएको छ। त्यो सँगसँगै प्यानल डिस्कसनबाट एउटा कन्क्लुजन पनि निकालिएको छ र त्यसको प्रतिवेदन अहिले विषयगत समितिको अन्तर्गतको विभिन्न शाखाहरुले अन्तिम रुप दिन काम गरिरहेका छन्। अर्को यसमा चाहिँ मापदण्डको पनि कुरा गर्नुभएको रहेछ। यसमा निश्चित मापदण्ड हामीले बनाएनौं। मापदण्ड बनाउँदै गर्दा उहाँहरुलाई पैसा तिर्नुपर्ने हुन सक्छ। उहाँको जुन एउटा जुन एउटा ह्युमन क्यापिटल छ उहाँसँग जुन एउटा पुँजी छ, उहाँको ज्ञानको पुँजी त्यो क्यापिटल प्रयोग गर्नका निमित्त हामीले यो कार्यक्रम गरेका हौं। उहाँहरुले दिनुभएको सुझाव कार्यान्वयनमा जान्छ।

अध्याय ७: विश्लेषण तथा निष्कर्ष

७.१ कार्यक्रमको समग्र विश्लेषण

सिराञ्चोक गाउँपालिकाद्वारा आयोजित यो सार्वजनिक सुनुवाइ कार्यक्रम सहभागिता, विषयवस्तुको गम्भीरता र अन्तरक्रियाको हिसाबले सफल रह्यो। कार्यक्रममा भौतिक पूर्वाधार, कृषि, प्रशासनिक सेवादेखि सुशासनसम्मका विविध पक्षमा गहन छलफल भयो। यसले केही महत्वपूर्ण पक्षहरूलाई उजागर गरेको छः

सकारात्मक पक्षः

- गाउँपालिका पारदर्शिता र जवाफदेहिताप्रति प्रतिबद्ध देखिन्छ।
- नागरिकहरू स्थानीय विकास र सेवा प्रवाहमा निकै सचेत र जागरुक छन्।
- भौतिक पूर्वाधार (सडक, भवन) र सामाजिक विकास (शिक्षा, स्वास्थ्य) मा गाउँपालिकाले लगानी बढाएको देखिन्छ।
- नागरिक र जनप्रतिनिधिबीच प्रत्यक्ष संवादको लागि यो एक प्रभावकारी मञ्च साबित भएको छ।

चुनौतीपूर्ण पक्षः

- प्रक्रियागत जटिलता र कर्मचारीको अस्थिरताले योजना कार्यान्वयन र सेवा प्रवाहमा ढिलाइ भएको छ।
- नागरिकका अपेक्षा र गाउँपालिकाको स्रोत-साधनबीच खाडल देखिन्छ।
- अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।
- युवा पलायन र निष्क्रियता गाउँपालिकाको दीर्घकालीन विकासका लागि प्रमुख चुनौतीको रूपमा देखिएको छ।

७.२ प्रमुख उपलब्धिहरू

- नागरिकहरूले गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणको प्रगतिबारे प्रत्यक्ष जानकारी पाए ।
- जनप्रतिनिधि र कर्मचारीहरूले नागरिकका गुनासाहरू सुन्ने र आफ्नो कामको समीक्षा गर्ने अवसर पाए ।
- विकास निर्माण र सेवा प्रवाहमा सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान भए ।
- सरकार र जनताबीचको विश्वासको सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्यो ।

७.३ प्रमुख चुनौतीहरू

- सीमित वित्तीय स्रोतका बीच बढ्दो नागरिक अपेक्षालाई सम्बोधन गर्नु ।
- संघीय कानुनसँग नबाझिने गरी स्थानीय ऐन-नियमहरू निर्माण र कार्यान्वयन गर्नु ।
- कर्मचारीको अभाव र अस्थिरतालाई व्यवस्थापन गर्दै सेवा प्रवाहलाई निरन्तरता दिनु ।
- राजनीतिक पूर्वाग्रहभन्दा माथि उठेर सबै नागरिकलाई समान व्यवहारको प्रत्याभूति दिलाउनु ।
- कर्मचारीको नियमितताबारे ग्यारेण्टी गर्नु ।

७.४ निष्कर्ष

अन्तमा, यो सार्वजनिक सुनुवाइ कार्यक्रम सिराञ्चोक गाउँपालिकाको लागि एक महत्वपूर्ण आत्मसमीक्षाको अवसर बनेको छ । नागरिकबाट प्राप्त सुझाव र गुनासाहरूले गाउँपालिकालाई आगामी दिनमा थप जिम्मेवार र प्रभावकारी बन्न मार्गदर्शन गरेको छ । कार्यक्रममा उठेका सवालहरूलाई केवल सुनुवाइमा सीमित नराखी आगामी नीति तथा कार्यक्रमबाट ठोस रूपमा सम्बोधन गर्न सकेमा मात्र यसको सार्थकता पुष्टि हुनेछ । यो कार्यक्रम सुशासन, पारदर्शिता र नागरिक सहभागिताको एक उत्कृष्ट उदाहरणको रूपमा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

अध्याय ८: सुझावहरू

कार्यक्रममा भएको छलफल र समग्र विश्लेषणको आधारमा सहजीकरण गर्ने संस्थाको तर्फबाट केही सुझावहरुः

८.१ गाउँपालिकालाई सुझाव

प्रक्रियागत सरलीकरण: योजना सम्झौतादेखि भुक्तानीसम्मको प्रक्रियालाई सकेसम्म सरलीकरण गर्न एकद्वार प्रणाली वा स्पष्ट कार्यविधि निर्माण गरी लागू गर्ने ।

अनुगमन प्रणालीको सुदृढीकरण: बजार अनुगमन, योजना अनुगमन र सेवा प्रवाहको अनुगमनका लागि स्पष्ट पात्रो बनाएर नियमित रूपमा कार्यान्वयन गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने ।

राजस्व वृद्धि र स्रोत व्यवस्थापन: प्राकृतिक स्रोत (ढुËा, गिटी, बालुवा) को दिगो उत्खनन र ठेक्का प्रक्रियालाई पारदर्शी बनाई आन्तरिक राजस्व वृद्धिमा जोड दिने ।

युवा लक्षित कार्यक्रम: युवाहरूलाई स्थानीय स्तरमै उद्यमशील बनाउन सिपमूलक तालिम, सहुलियतपूर्ण ऋण र बजार पहुँचमा सहजीकरण गर्ने ठोस कार्यक्रम ल्याउने ।

सूचना प्रवाहमा प्रभावकारिताः गाउँपालिकाका निर्णय र कार्यक्रमबारे जानकारी दिन वेबसाइटलाई नियमित अद्यावधिक गर्ने, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग गर्ने र वडा कार्यालयहरूमार्फत सूचना प्रवाहलाई बढावा दिने ।

कर्मचारी स्थायीत्वका लागि पहलः प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीहरूको निश्चित अवधिसम्म सरुवा नगर्ने व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयमा औपचारिक पहल गर्ने ।

८.२ सेवाग्राहीलाई सुझाव

रचनात्मक सहभागिताः गाउँपालिकाका हरेक गतिविधिमा आलोचनात्मक चेतसहित रचनात्मक रूपमा सहभागी हुने र सकारात्मक कामको प्रशंसा गर्ने संस्कृतिको विकास गर्ने ।

अनुगमनमा सहयोगः आफ्नो टोल वा समुदायमा सञ्चालित योजनाहरूको स्व-अनुगमन गरी गुणस्तर र पारदर्शिता कायम गर्न गाउँपालिकालाई सहयोग गर्ने ।

प्रक्रियागत जानकारीः कुनै पनि सेवा लिनुअघि वा योजना कार्यान्वयन गर्नुअघि आवश्यक प्रक्रिया र कागजातबारे वडा कार्यालय वा गाउँपालिकाबाट स्पष्ट जानकारी लिने ।

सामूहिक हितमा जोडः व्यक्तिगत वा गुटगत स्वार्थभन्दा माथि उठेर समग्र समुदाय र गाउँपालिकाको बृहत्तर हितका लागि आवाज उठाउने ।

८. अनुसूचीहरु

अनुसूची १

सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प.स. २०८१/०८२
च.न.

मिति : २०८२/०२/२२
ने.स.११४५ तछलाथ्व शुक्रबार

सार्वजनिक सुनुवाई सम्बन्धी सूचना !

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२ साल जेठ १४ गतेको निर्णयानुसार गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल अनुसारको मिति, समय र स्थानमा आयोजना हुन गइरहेको हुँदा कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, सम्पूर्ण राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी, शिक्षाविद, वृद्धिजिवी, आमा समुह, कृषि समूह,युवा क्लव, टोल सुधार समति, उपभोक्ता समिति, सहकारी संस्था, नागरिक समाजका अगुवा, बाल क्लव, उद्योग वाणिज्य तथा होटल व्यवसायी संघका प्रतिनिधी, पत्रकार, सुरक्षाकमी लगायत सम्पूर्ण गाउँपालिकावासीहरुलाई उक्त कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध छ । कार्यक्रम सम्बन्धी विस्तृत जानकारी गाउँपालिका कार्यालयबाट लिनु हुन समेत जानकारी गराइन्छ ।

....
ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकिय अधिकृत

तपसिलः

मिति २०८२ जेठ २९ गते विहिवार
समयः विहान ११:३० बजे
स्थानः सिरानचोक गाउँपालिका कार्यालय परिसर

अनुसूची २

सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

अनुसूची ३

बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन

बहिर्गमन अभिमत (Exit Poll)

सिरानचोक गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ७५ जना।

१. **कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

सिफारिस लिन/पुऱ्याउन	२९ प्रतिशत
दर्ता/नविकरण	१३ प्रतिशत
आर्थिक सहयोग (छात्रवृत्ति, दीर्घरोग उपचार)	३ प्रतिशत
योजना माग गर्न	३ प्रतिशत
योजनाको भुक्तानी लिन	२७ प्रतिशत
योजनाको मुल्यांकन गराउन	१० प्रतिशत
अन्य	६ प्रतिशत

२. **सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

अति स्पष्ट	ठीकै	अस्पष्ट
३७ प्रतिशत	५७ प्रतिशत	६ प्रतिशत

३. **सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

अति धैरै	ठीकै	थोरै
३६ प्रतिशत	५९ प्रतिशत	५ प्रतिशत

४. **तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

मिलनसार र मैत्रीपूर्ण	ठीकै	अभद्र/अमर्यादित
४४ प्रतिशत	५६ प्रतिशत	० प्रतिशत

५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?

अति स्पष्ट गरिदिए	ठीकै	अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए
३७ प्रतिशत	५९ प्रतिशत	४ प्रतिशत

६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?

अति सजिलो तरिकाबाट समाधान दिए	ठीकै	समाधान दिन सकेनन्
६१ प्रतिशत	३४ प्रतिशत	५ प्रतिशत

७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?

अति सजिलो (छोटो)	ठीकै	लामो र झन्झटिलो
३३ प्रतिशत	५३ प्रतिशत	१४ प्रतिशत

पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?

राम्रा लागेका कुराहरु

१. प्रायः कर्मचारीहरु मिलनसार छन् । बोलिबचन राम्रो छ । काम लिएर गएपछि सजिलै गरिदिन्छन् ।
२. विकास निर्माणका काम भैरहेका छन्, हिजोका प्रतिवद्धता अनुसार बजेट पनि परिरहेको छ ।
३. क्षमता विकास सम्बन्धि तालिम पालिकाले बोलाइ-बोलाइ दिन्छ ।
४. दुर्घटनामा परेका विरामीलाई आर्थिक सहयोग गरेको छ, दीर्घ रोगीले उपचारको रकम पाएका छन् ।
५. सामाजिक सुरक्षा भत्ता वडा-वडाबाटै दिन्छन्, असक्तहरुलाई सुविधा मिलेको छ ।
६. कागजात पुगेको बेला एकै पटक काम हुन्छ, धेरै धाउन परेको छैन ।
७. पालिका र वडामा चिनेजानेका कर्मचारी छन्, काम लिन सजिलो भएको छ ।
८. वडा नम्बर ८ को चिप्लेटीमा सेवा प्रवाह केन्द्र विस्तार गरेर सेवा लिन सहज भएको छ । तर नियमित भैदिए अझै राम्रो हुन्थ्यो ।
९. आजभोली पालिकाका सूचनाहरु फेसबुक र वेभसाइटमा आउन थालेको छ ।

सुधार गर्नुपर्ने सुझावहरु

१. योजनाको भुक्तानी साह्रै ढिलो भयो । काम सकिएको ६ महिनासम्म भुक्तानी पाइँदैन । कारण के हो ?
२. सामान्य कामका लागि पनि लामो समय कुराउने र अन्तिममा भ्याइएन भनेर फर्काउँछन् । टाढाबाट आएका सेवाग्राहीलाई पहिलो प्राथमिकतामा सेवा दिनुपर्‍यो ।
३. पालिकाको केन्द्र टुंगिने कहिले हो ? बाख्राको खोरजस्तो कार्यालय भवन छ, कर्मचारी नै कोचिएर बसेका छन् । सेवाग्राहीले सेवा लिँदा असहज भयो ।
४. कतै स्वास्थ्यचौकीमा औषधी पाइँदैन, भवन गतिलो छैन । कतै विरामी नै नजाने ठाउँमा करोडौं खर्च गरेर अस्पताल बनाइएको छ । जौबारीको अस्पताल कसका लागि बनाएको हो ? सेवा प्रवाह कहिलेबाट सुरु हुन्छ ? कि भवन देखाउनका लागि मात्रै बनेको हो ?
५. टोलटोलमा भएका विजुलीका पोलहरुमा आवश्यक्ता हेरेर बत्ति राखिदिनुपर्‍यो । रातसाँझ हिड्न सहज हुन्थ्यो कि
६. वडाबाट त सेवा प्रवाह राम्रै भएका छन् । पालिकाबाट सुधार गर्नुपर्ने धेरै कुरा छन् । नागरिक वडापत्र अनुसारको सेवा तुरुन्त दिनुपर्‍यो । सेवा नदिने भए बडापत्रको के काम भयो ?

७. गाउँघरमा अहिले पनि जातीय हिसावको विभेद हुन्छ। पालिकाले दीर्घकालीन रुपमा भेदभाव अन्त्य गर्ने कार्यक्रम ल्याउनुपऱ्यो ।-गाँखु
८. पालिकाबाट हुने काम बढी झण्झटीलो भयो । एउटा काम जिम्मा लिएर फरफारक गर्नेबेलासम्म सजाएँ दिएको जस्तो गरी दुख हुन्छ।
९. वडा कार्यालयसम्म पुग्ने बाटो राम्रो बनाउनुपऱ्यो। सुरु भएका काम समयमा सक्नुपऱ्यो, जताजतै अलपत्र मात्रै छन् ।-वडा नम्बर ७, बाइकमै कार्यालय पुग्न पनि सकिएन, कहिले बन्छ बाटो ?-वडा नम्बर १
१०. बजेट विनियोजन गर्नुअघि जनप्रतिनिधिहरुले गाउँ र टोलको अवलोकन गर्नुपऱ्यो, कतै बजेटको खातैखात, कतै हेरेको हेरै भएको छ। समानुपातिक वितरण गरियोस्।
११. गाउँपालिकामा एकीकृत सेवा केन्द्र बनाउनुपऱ्यो। कम्तिमा एउटा काम एकैदिनमा सक्ने वातावरण तयार गरियोस्
१२. सबैतिर घरघरै धारा पुगेको छ, हाम्रोमा कहिले आउने हो ?-वडा नम्बर २
१३. कर्मचारी नहुँदा समयमा सामाजिक सुरक्षा भत्ता पाइएन ।-वडा नम्बर १
१४. कर्मचारीहरु सँधै कार्यालयमा आउनुपऱ्यो । आफू नआएको बेला कसैलाई जिम्मेवारी दिएर छोड्नुपऱ्यो । सेवाग्राहीले कर्मचारी नभेटेर अनावश्यक दुख भोग्नुपरेको छ।
१५. अघिल्लो बर्खामा पहिरिएको सडक अहिलेसम्म मर्मत भएको छैन। फेरि बर्खा लागिसक्यो, कहिले मर्मत हुने हो
१६. सानातिना सिफारिस र कर तिर्न प्रविधिको प्रयोग गर्नुपऱ्यो। पालिका र वडामै पुग्नुपर्ने बाध्यताको अन्त्य होस्।
१७. पालिकाले दिने छात्रबृत्तिमा प्राविधिक विषय पढ्ने विद्यार्थीलाई पनि समेटियोस्।
१८. वडा नम्बर ७ र ८ क्षेत्रमा बाह्रै महिना एम्बुलेन्स चल्ने बाटो बनाइदिनुपऱ्यो।
१९. कर्मचारीहरुले कुनैपनि सेवाका लागि चाहिने कागजातबारे स्पष्ट जानकारी दिँदैनन्। काम लिएर गयो, कागज पुगेन भनेर पटक पटक फर्किनुपरेको छ। दिने सेवा र चाहिने कागजपत्रबारे वेभसाइट र फेसबुक पेजमा राखिदिनुपऱ्यो
२०. पालिकाबाट वितरण हुने अनुदानबारे किसानले थाहै पाउँदैनन् । कृषि र पशुको कार्यक्रम आउँदा खुला रुपमा सूचना गर्नुपऱ्यो, सबै किसानलाई जानकारी दिइयोस्।
२१. इसिडीमा पनि खेलकुदका सामग्री वितरण गर्नुपऱ्यो । सबैतिर बाढेको सुनिन्छ, साना कक्षामा पनि वितरण भए विद्यार्थीले सुविधा पाउँथे।
२२. एउटा अदालतको कर्मचारी आउँदा पालिकाले भव्य कार्यक्रम गरेर झिलिमिली फोटो हाल्छन्। हामी आफ्नो वडाध्यक्ष हराए भनेर ज्ञापनपत्र लिएर बुझाउन जाँदा समय छैन भनेर लखेटियो ।-वडा नम्बर ५
२३. जग्गाको अंशबण्डा गर्न जाँदा मालपोतले पालिकामै फर्कायो । बेच्छु भन्दा पनि पाइएन । जग्गा वर्गीकरणपछि आउनुस् भन्छन्। कहिले सकिन्छ ?
२४. सिरान्चोक गाउँपालिकाले विज्ञ सभा गरेको सुन्दा खुसी लाग्यो। तर त्यो सभा के उद्देश्यका लागि गरिएको हो ? विज्ञहरुको छनोट गर्ने मापदण्ड के थियो ? विज्ञले के सुझाव दिए ? त्यसको सार्वजनिक कहिले हुन्छ र विज्ञले दिएको सुझाव कार्यान्वयन कसरी हुन्छ ?
२५. सिरान्चोक गाउँपालिका असफल भैसक्यो । पार्टीको कार्यकर्ता बाहेक अरुको पालिकामा पहुँच नै पुग्दैन । आवश्यक्ता एकातिर छ, काम अर्कोतिर गरिरहेका छन्।
२६. पालिकाले योग तथा ध्यान भनेर पालिकामा भव्य कार्यक्रम गऱ्यो। तर यस्ता कार्यक्रम वडावडामा गरे पो सबैले सेवा पाउँथे। पालिकामा गरेर सीमित व्यक्ति मात्रै पुगे। आगामी दिनमा ध्यान दिइयोस्।
२७. प्रधानमन्त्री रोजगार कार्यक्रम भनेर बेरोजगारको फाराम भरियो, तर रोजगारी पाइएन । रोजगारी नै नदिने भए निवेदन किन मागेको ?
२८. कृषि क्षेत्रमा पालिकाको योजना हुँदै भएन। किसानले एकथोक माग्छन्, पालिका अर्कोथोक थमाएर पठाउँछ। किसानको मागको आधारमा कार्यक्रम दिनुपयो।

नागरिक प्रतिवेदन (Citizen Report Card)

सिरानचोक गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन–सहभागि नागरिक ७५ जना।

१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट	ठीकै	असन्तुष्ट
३० प्रतिशत	६६ प्रतिशत	४ प्रतिशत

२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट	ठीकै	असन्तुष्ट
४७ प्रतिशत	५० प्रतिशत	३ प्रतिशत

३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?

निशुल्क पाएका छौं	पैसा तिरेर किन्नु पर्छ	खै थाहा छैन
७९ प्रतिशत	७ प्रतिशत	१४ प्रतिशत

४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन	एकदमै कम	धेरै तिरेको
१०० प्रतिशत	० प्रतिशत	० प्रतिशत

५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?

उपलब्ध छन्	अलिअलि उपलब्ध छन्	उपलब्ध छैनन्
२१ प्रतिशत	४४ प्रतिशत	३५ प्रतिशत

६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ	छैन	अलिअलि थाहा छ।
५३ प्रतिशत	२० प्रतिशत	२७ प्रतिशत

७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन्	आंशिक प्रभावकारी छन्	प्रभावकारी छैनन्
३९ प्रतिशत	५४ प्रतिशत	७ प्रतिशत

वडासचिव र कर्मचारी समयमा आउनुपर्‍यो।

८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक	२ पटक	सो भन्दा बढी
४९ प्रतिशत	२३ प्रतिशत	२८ प्रतिशत

९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो	ठीकै	नराम्रो
१६ प्रतिशत	७३ प्रतिशत	१४ प्रतिशत

भवन भए पो भौतिक अवस्था हेर्नु। खोरजस्तो कार्यालय छ, दुख पाइएको छ।

१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?

छ	आंशिक जानकारी छ	कुनै जानकारी छैन
२९ प्रतिशत	३७ प्रतिशत	४४ प्रतिशत

११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो	ठीकै	खासै राम्रो छैन
२७ प्रतिशत	६९ प्रतिशत	४ प्रतिशत

जनप्रतिनिधिबीचमै राम्रो सम्बन्ध छैन, हामीसँग के राम्रो हुनु ?

१२. राजस्व, शुल्क तथा दस्तुर को–कससंग उठाउने गर्दछन् ?

सबैसँग उठाउँछन्	सीमित व्यक्ति सँग उठाउँछन्	धेरै वक्यौता छ
८१ प्रतिशत	१९ प्रतिशत	० प्रतिशत

१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो	ठीकै	खराब
२९ प्रतिशत	६७ प्रतिशत	४ प्रतिशत

१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो	ठीकै	खराव
२७ प्रतिशत	६१ प्रतिशत	१२ प्रतिशत

१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन्	ठीकै छन्	प्रभावकारी छैनन्
३१ प्रतिशत	६१ प्रतिशत	८ प्रतिशत

योजनाको छनोट नै प्रभावकारी छैन, छनोटपछि हुने कार्यान्वयन झन् के प्रभावकारी हुनु ?

१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन	मागेरै लिन्छन्	रकम नदिए अप्ठ्यारो पार्छन्
९२ प्रतिशत	० प्रतिशत	८ प्रतिशत

१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?

बोलाएको छ	अहिलेसम्म बोलाएको छैन	पालिकाले कानून पनि बनाउँछ र ?
० प्रतिशत	८४ प्रतिशत	१६ प्रतिशत

१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ	आवश्यकता भन्दा कम छ	सीप निकै कम छ
८० प्रतिशत	१७ प्रतिशत	३ प्रतिशत

१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?

भएको थाहा छ	खै थाहा छैन	कार्यक्रमबारे जानकारी नै छैन
४८ प्रतिशत	३७ प्रतिशत	१५ प्रतिशत

२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु	ठीकै जानकारी पाएको छु	कम जानकारी पाएको छु
४ प्रतिशत	३१ प्रतिशत	६५ प्रतिशत

अनुसूची ४

सिरानचोक गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम–२०८२–तालिका

क्र.सं.	समय	विवरण	
१.		अध्यक्षता ग्रहण	ज्ञानेन्द्र गुरुङ-अध्यक्ष
२.		आसन ग्रहण	**प्रमुख जवाफदेही** रिता देवकोटा-उपाध्यक्ष ठाकुरप्रसाद अर्याल-प्रमुख प्रशासकीय अधिकृत **वडाध्यक्षहरुः** मनिता गुरुङ-अध्यक्ष, वडा नम्बर १ खुसीमान गुरुङ-अध्यक्ष, वडा नम्बर २ जगदिश्वर ढकाल-अध्यक्ष, वडा नम्बर ३ भरत हमाल-अध्यक्ष, वडा नम्बर ४ ठानेश्वर पोखरेल-अध्यक्ष, वडा नम्बर ५ प्रेमप्रसाद वस्ती-अध्यक्ष, वडा नम्बर ६ राजेन्द्रबाबु ढकाल-अध्यक्ष, वडा नम्बर ७ दलमान गुरुङ-अध्यक्ष, वडा नम्बर ८ कार्यपालिका सदस्य तथा गाउँपालिका सदस्यहरु । **जवाफदेही** निरमाया पुरी गिरी-प्रमुख लेखा शाखा टुकमान श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा जनुका कुवँर थापा-प्रमुख, योजना शाखा शारदा ढकाल-प्रमुख, महिला तथा वालवालिका उत्तम वस्ती-रोजगार संयोजक प्रकृति अधिकारी-सूचना प्रविधि अधिकृत रजनी गजुरेल-न्यायिक सहजकर्ता पार्वती थापा-प्रमुख, पशु सेवा शाखा अनुषा राना-प्रमुख, पूर्वाधार विकास शाखा नवराज अधिकारी-प्रमुख कृषि शाखा **संघसंस्थाको तर्फबाट** बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु ।
३.		स्वागत तथा कार्यक्रमबारे जानकारी	रिता देवकोटा-उपाध्यक्ष
	सार्वजनिक सुनुवाईको चरणमा प्रवेश		
	सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी		ठाकुर प्रसाद अर्याल-प्रमुख प्रशासकीय अधिकृत
४.		आचार संहिता जानकारी	: सहजकर्ता
५.		नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत	: सहमत मिडिया प्रालि
६.		लिखित र मौखिक प्रश्न संकलन	: सहजकर्ता
७.		प्रश्न तथा गुनासो स्पष्ट	ज्ञानेन्द्र गुरुङ, अध्यक्ष रिता देवकोटा, उपाध्यक्ष ठाकुरप्रसाद अर्याल, प्रमुख प्रशासकीय अधिकृत वडाध्यक्षहरु, शाखा प्रमुखहरु
८.		थप जिज्ञासा आह्वान	: सहजकर्ता
९.		थप जिज्ञासामा स्पष्टता	ज्ञानेन्द्र गुरुङ, अध्यक्ष
१०.		धन्यवाद सहित समापन	कार्यक्रम अध्यक्ष
११.		चियापान	

अनुसूची ५

पालिकाको सेवा प्रवाह र विकास निर्माण
आब २०८१।०८२ को हालसम्मको आयव्यय

क्र.स	बजेट उपशिर्षक नाम	विनियोजित बजेट			खर्च			जम्मा खर्च %	कैफियत
		चालु	पुँजिगत	जम्मा	चालु	पुँजिगत	जम्मा		
१	सिरानचोक गाउँपालिका	१३५०३९	१८६२४९	३२१२८८	६११३७	३९२१८	१००३५५	३१.२४	
२	सिरानचोक गाउँपालिका वडा नं.१	७८०	४८९७	५६७७	३६५	३८६	७५१	१३.२३	
३	सिरानचोक गाउँपालिका वडा नं.२	१५०३	४८००	६३०३	६००	६७१	१२७१	२०.८	
४	सिरानचोक गाउँपालिका वडा नं.३	१०२५	३७२५	४७५०	६३२	६२०	१२५३	२६.३८	
५	सिरानचोक गाउँपालिका वडा नं.४	९२१	५९१५	६८३६	४७८	१७२२	२२००	३२.१९	
६	सिरानचोक गाउँपालिका वडा नं.५	१२२३	५३००	६५२३	६१५	३७००	४३१६	६६.१७	
७	सिरानचोक गाउँपालिका वडा नं.६	१४६०	७२२०	८६८०	५५३	१९७५	२५३२	२९.१८	
८	सिरानचोक गाउँपालिका वडा नं.७	१०९०	५८००	६८९०	३०६	८८३	११९०	१७.२८	
९	सिरानचोक गाउँपालिका वडा नं.८	११०५	८६५०	९७५५	७३३	९९५	१७२८	१७.७२	
१०	प्रदेश सरकारबाट हस्तान्तरीत (विशेष अनुदान)	०	२००००	२००००	०	०	०	०	
११	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)	३०४३५४	५५००	३०९८५४	१९८७३७	५१९	१९९२५७	६४.३१	
१२	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान	०	१४०००	१४०००	०	१३७६	१३७६	९.८३	
१३	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान)	०	१५०००	१५०००	०	२४८६	२४८६	१६.५७	
१४	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक	०	८०००	८०००	०	१२५९	१२५९	१५.७४	
कुल जम्मा		४४८५००	२७७०५६	७२५५५६	२६४१६३	५५८१५	३१९९७८	४४.१	

घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको अवस्था

क्र.सं.	विवरण	संख्या	सामाजिक सुरक्षा	संख्या	भुक्तानी
१.	जन्मदर्ता	६६७	ज्येष्ठ नागरिक	२९१०	पालिकाले समग्रमा ४ हजार ८ सय १० जना लाभग्राहीलाई तीन किस्तामा १४,०४,१४,४६२ भुक्तानी दिएको छ।
२.	मृत्युदर्ता	३१९	ज्येष्ठ ना. (दलित)	३३३	
३.	सम्बन्ध विच्छेद	७६	ज्येष्ठ एकल महिला	२२५	
४.	विवाह दर्ता	३५९	विधवा	४३५	
५.	बसाईंसराई (आउने)	७	पूर्ण अपांग	१७५	
६.	बसाईंसराई (जाने)	१००	ख वर्ग अपांग	३२३	
जम्मा		१५२८	दलित बालबालिका	४१३	

योजना कार्यान्वयन

	हालसम्म ठेक्का प्रक्रिया मार्फत कार्यन्वयनमा रहेका योजनाहरुको प्रगति विवरण					
क्र.स.	योजना/ आयोजनाको को नाम, ठेगाना	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	भौतिक प्रगति (%)	वित्तिय प्रगति (%)	कैफियत
१	धारापानी नेपाने बिरौटा भिरसिंग सडक	२०८१/१०/२७	२०८२/०३/१५	४०	२०	
२	चित्रेपोखरी उपल्लोपाम राम्चे श्रीनाथमण्डली सडक निर्माण	२०८१/९/११	२०८२/०२/११	१००	९५	सम्पन्न
	चित्रेपोखरी नामरुंग गैर सिम्ले सडक स्तरोन्नति	२०८१/१०/२७	२०८२/०३/१५	५२	५०	
३	नयाँ चौतारा फिरफिरे सालबोट हर्मी सडक	२०८२/०९/२१	२०८२/०३/१५	९५	२५	
४	वडा नं ३ भित्रका सडकहरुको स्तरोन्नति	२०८१/०९/२१	२०८१/१२/३०	९८		
५	वडा नं ४ कार्यालय निर्माण	२०८०/१०/२९	२०८२/१०/२९	१००	७०	
६	वडा नं ६ भित्रका सडक स्तरउन्नति	२०८०/०८/१७	२०८२/०१/१०	कार्यसम्पन्न	८०	
७	खहरे सिम्ले भंगेरी झारगाउँ चिप्लेटी सडक	२०८०/८०/१७	२०८२/१०/३०	५५	४८	
८	सहिदगेट दारेगौडा मड्किनी सडक	२०८१/१२/१२	२०८२/०२/२५	१००		
९	चिप्लेटी ठोटनेरी सडक	२०८१/१२/१०	२०८२/०२/२५	१००		

उपभोक्ता समिति मार्फत कार्यान्वयनमा रहेका योजनाहरु

वडा नं	योजना संख्या	सम्झौता भएका	भुक्तानी भएका
१	१९	१७	३
२	२३	१७	६
३	४४	४०	११
४	४९	४०	१४
५	५५	४४	३१
६	५४	४७	२३
७	५२	४०	११
८	३८	३७	१३
जम्मा	३३४	२८२	११२

अनुसूची ६

सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु

सार्वजनिक
सुनुवाई कार्यक्रम-२०८२

अनुसूची ७

सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति

आज मिति २०८१।१।२३ गतेका दिन यस सिरानचोक गाउपालिकाका अध्यक्ष श्री शान्ति गुरुङ ज्यू को अध्यक्षतामा आ.व. २०८१।०८२ को हाल सम्मको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो

उपस्थिति

अध्यक्ष श्री शान्ति गुरुङ सिरानचोक गा.पा.
उपाध्यक्ष श्री रीता देवकोटा " "
प्र.प्र.अ. श्री ठाकुर प्रसाद अर्याल " :
वडा अध्यक्ष श्री मनिता गुरुङ वडा नं. १
वडा अध्यक्ष श्री खुशीमान गुरुङ " २
वडा अध्यक्ष श्री जगदिश्वर ढकाल " ३
वडा अध्यक्ष श्री भरत घिमिरे " ४
का.वा. वडा अध्यक्ष श्री रामचन्द्र पोखरेल " ५
वडा अध्यक्ष श्री प्रेम बस्ती " ६
वडा अध्यक्ष श्री राजेन्द्रबाबु ढकाल " ७
वडा अध्यक्ष श्री दलमान गुरुङ " ८
कार्यपालिका सदस्य श्री बिमला सिग्देल सिरानचोक गा.पा
" " " श्री रुमाया गुरुङ " "
" " " श्री शान्ति कुमाल " "
" श्री लक्ष्मी गिमिरे " "
"
वडा सदस्य श्री राजेश गुरुङ " " ६
वडा सदस्य श्री टिलमाया गुरुङ " " २
वडा सदस्य श्री निजामुदिन मियाँ ३
ह्युमन पुनर्निर्माण मनोज ढकाल "
इन्जिनियर सामिर खड्का सिरानचोक गा.पा
सब. " सबेन्द्र कुमार यादव "
ई. राकेश मिश्रा "
" लेखा व शुल्क सि.गा.पा. २
गणेश ढकाल, रोजगार सहायक, सि.गा.पा
अहमद दिन मियाँ अधिकृत छैठौं सि.गा.पा.
कानूनी सहजकर्ता रजनी गजुरेल सि.गा.पा

सु.प्र.अ. प्रकृति अधिकारी सि.गा.पा.
अधिकृत श्री शारदा ढकाल - सि.गा.पा.
ले.अ. तिरमाया पुरी गिरी
कृष्ण प्रसाद पोखरेल शिक्षा शाखा
मन्जु थापा अध्यापक तथा नागरिक आरोग्य सेवा
पुष्पा पोखरेल सामाजिक परिचालिका कृषि शाखा
रमला विक पञ्जिकरण सेवा इकाइ
दिलिप श्रेष्ठ सिरानचोक - ४ बारपाक बजार
मनोज श्रेष्ठ सिरानचोक - ५ मैदान बजार
प्रेम गुरुङ सिरानचोक - ८ रुल्टे
टेकमान श्रेष्ठ स्वास्थ्य शाखा प्रमुख सि.गा.पा.
सन्तोष भट्ट (कृषि प्राविधिक कृषि शाखा)
स्वास्तिका अर्याल (कृषि विकास शाखा प्रमुख)
भरत बिष्ट लेखापाल
दिलिप राई ना.प्रा.स.
प्रकाश ढकाल सहजकर्ता
ऋजु पौडेल
अनुपा राना सब.ई.
बिश्वप्रकाश राना अ.सब.ई
राजकुमार यादव अ.सब.ई
रञ्जित कापर अ.सब.ई
यम बहादुर थापा अ.सब.ई
महेश भरद्वाज अमिन
अनन्त पाण्डे सब.ई.
तेज बहादुर कार्की अ.स.ई
मंगल बसेल प्राविधिक सहायक
श्री बिन्दु पाण्डे सी.प
उत्तम बस्ती
सुरेश गुरुङ

समाप्त ।